आज मिति २०६६ कार्तिक २० गते प्रमुख जिल्ला अधिकारी श्री लीलाधर अधिकारीको अध्यक्षतामा देहायका पदाधिकारीहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न भयो ।

उपस्थिति

अध्यक्ष : श्री लीलाधर अधिकारी, प्र. जि. अ.
सदस्य :- श्री कोलराज पुरी, ने. क. पा प्रतिनिधि
: श्री मिश्रीलाल यादव, ने. का. प्रतिनिधि
रा. ज. पा ,,
श्री शंकर प्रसाद थापा ~~ने. का. प्रतिनिधि~~ जि.स.स. प्रमुख
श्री शालिकराम अधिकारी, बाँसगढी न.पा. प्रमुख
श्री धननारायण श्रेष्ठ, ठाकुरबाबा न.पा. प्रमुख
श्री गणेश ब. के. सी. मधुवन न.पा. ,,
श्री शिव प्रसाद थारु, राजापुर ,, ,,
श्री दुर्गा ब. थापा, बारबर्दिया न.पा. प्रमुख
श्री मुक्तिनाथ यादव, गुलरिया न.पा. ,,
श्री लालबहादुर श्रेष्ठ, बढैयाताल गा.पा. अध्यक्ष
श्री जमान सिँह के.सी, गेरुवा गा. पा. अध्यक्ष
श्री केदार रजौरे, प्र.उ, जि. प्र. का. बर्दिया
श्री नर बहादुर रावत, स. प्र. उ. ३१ नं. ग. बर्दिया
श्री जयेन्द्र प्रसाद उपाध्याय उ.अ.नि., स. अ. जि. का
श्री श्याम शाही, सेनानी, भैरव प्रसाद गण गुल्म, बर्दिया
श्री कृष्ण प्रसाद गौतम ने. रे. सो. बर्दिया
श्री विष्णु तिमिल्सना, जै. स. मा. बर्दिया
श्री राजेन्द्र घिमिरे, पत्रकार महासंघ, बर्दिया
श्री मनकला चौधरी, राजापुर न. पा. उप प्रमुख
श्री कृष्णा कुमारी थापा, ठाकुरबाबा न. पा., उपप्रमुख
अर्जुन ज्ञवाली प्रमुख बढैयाताल गा.पा
मान बहादुर डाँगी DLSA/Action Aid
श्री नारायण प्रसाद ढकाल
श्री लक्ष्मी प्रसाद शर्मा (आकाश) प्रदेश० उ० समिति/नेकपा
कमल पन्थ - कांग्रेस
गोविन्द गिरी स्वास्थ्य कार्यालय बर्दिया
रूपक ज्ञवाली DEOC/NRCS
अच्युत सुवेदी DEOC/NRCS

धर्म राज न्यौपाने  प्रमुख प्रशासकीय अधिकृत जि.न.पा.

डा. सुभाष पाण्डेय  प्रमुख कार्यालय अस्पताल

गणेश विक्रम शाह  प्र.उ.  जिल्ला प्रहरी वाहिनी —

उ.प्र.बि.प.  गंगाराम अधिकारी  कं.जे.  — " —

१. जिल्ला विपद् व्यवस्थापन समितिको यस अगाडी विभिन्न मितिमा बसेका बैठकबाट भएको निर्णय कार्यान्वयनको समग्ररुपमा समिक्षा गरियो ।

२. श्री गृह मन्त्रालय राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रको च.नं. ६४ मिति २०७७/०७/१३ को शीतलहर पूर्वतयारी सम्वन्धी प्राप्त पत्र बैठकमा जानकारी गराइयो।

३. यस वर्षको चिसो याम सुरु हुन लागेकोले यस वर्दिया जिल्लामा चिसो तथा शितलहरका कारण हुन सक्ने क्षति न्यूनिकरणका लागि तयार गरिएको शीतलहर आकस्मिक योजना, २०७५ को दोस्रो संसोधन २०७७ को मस्यौदा उपर छलफल भयो । छलफलको क्रममा प्राप्त सुझाव समेत समावेश गरी परिमार्जित **शितलहर आकस्मिक योजना, २०७७** स्वीकृत गरियो। स्वीकृत उक्त योजनामा उल्लिखित जिम्मेवारी पुरा गर्न सम्बन्धित सबै सरोकारवाला निकायहरूले तत्काल आवश्यक तैयारी तथा पूर्व प्रवन्ध मिलाई कार्यान्वयन गर्ने ।

४. सबै नगरपालिका तथा गाउँपालिकामा रहेको स्थानीय तह स्तरीय विपद् व्यवस्थापन समिति तथा सबै विषयगत क्षेत्र (Cluster)ले आ-आफ्नो समितिको बैठक डाकी आकस्मिक योजना (Contingency Plan)तर्जुमा गरी लागु गर्ने । स्थानीय तहमा कार्यरत सबै संघसस्था, निजि क्षेत्र, नेपाल रेडक्रस सोसाइटीसंग समन्वय गरी चिसो तथा शितलहरवाट हुने क्षति न्युनिकरणका लागि सबै नगरपालिका तथा गाउँपालिकाले शीतलहरबाट प्रभावित हुनसक्ने विपन्न परिवारको ठेगाना सहितको विवरण अध्यावधिक गरी राख्ने ।

५. चिसो तथा शितलहरका कारण जोखिममा पर्न सक्ने खासगरी अति विपन्न परिवार, जेष्ठ नागरिक, वालवालिका, गर्भवती महिला, सुत्केरी महिला तथा जोखिमयुक्त क्षेत्र र समुदायको पहिचान गरी प्राथमिकतामा राख्ने ।आवश्यकता अनुसार चिसो तथा शितलहर चलेको वेला चिसोवाट वच्नका लागि कोरोना भाइरसको जोखिन न्युनिकरणका स्वास्थ्य उपाय अपनाउदै पहुँच पुग्ने स्थानमा आगो बाल्न स्थानीय तहहरुले डिभिजन वन कार्यालय वा नजिकको वन सव डिविजनसंग समन्वय गरी स्थानीय सामुदायिक वन मार्फत आवश्यक दाउरा उपलव्ध गराउने ।

६. चिसो तथा शितलहरको प्रभाववाट बच्न/बचाउनको लागि जिल्ला आपतकालिन कार्यसन्चालन केन्द्रले स्थानीय भाषा समेतमा जनचेतना मुलक सामाग्री तयार गरी जिल्ला स्थित सबै एफएम रेडियो, पत्रपत्रिकामा सन्देशहरु प्रशारण/प्रकाशन गर्ने । सो कार्यका लागि नेपाल प्रत्रकार महासंघले आवश्यक समन्वय गर्ने र स्थानीय संघ/सस्था, रेडक्रस, स्थानीय क्लवहरूले विभिन्न समुदाय, विद्यालयहरुमा चिसो तथा शितलहरवाट वच्ने उपाय सम्वन्धमा चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

७. नेपाल प्रहरीले स्थानीय तहसंग समन्वय गरी समुदाय प्रहरी साझेदारी कार्यक्रममा शीतलहरबाट बच्ने/बचाउने सम्बन्धी जनचेतना मुलक कार्यक्रमलाई समावेश गरी सचेतना अभियान सञ्चालन गर्ने ।

८. चिसो तथा शित लहर तथा कोरोना भाइरस को जोखिम न्युनिकरणका लागि स्वास्थ्य मापदण्डमा विशेष ध्यान पुर्याउदै स्वास्थ्य कार्यालयले स्थानीय तहसंग समन्वय गरी सचेतना अभियान तथा उपचारको प्रवन्ध मिलाउने

९. कुहिरो तथा हुस्सु लागेको समयमा संभावित सवारी दुर्घटनाको जोखिम न्युनिकरण गर्न ट्राफिक कार्यालयले सचेतना अभियान सञ्चालन गर्ने ।

१०. स्थानीय तहबाट राहत वितरणमा एकरुपता तथा प्रभावकारी वनाउन निश्चित मापदण्ड तय गरी आवश्यक पर्ने राहत सामाग्री खरिद तथा वितरणको लागि Standby Agreement वा खरिद गरी राख्न सवै नगरपालिका/गाउँपालिकाहरुले तयारी गर्ने । साथै आवश्यक न्यानो कपडा लगायतका राहत सामाग्री उपलव्ध गराउन सयुक्त राष्ट्रसंघीय निकाय, रेडक्रस, राष्ट्रिय अन्तराष्ट्रिय संघ सस्थाहरु र निजि क्षेत्रहरुलाई समेत अनुरोध गर्ने ।

११. श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आवश्यक रणनैतिक योजना लागु गर्ने सम्वन्धी प्राप्त पत्र वैठकमा प्रस्तुत भई वत्तीहरुको चाडकारुपमा रहेको शुभ-दीपावली २०७७(तिहार) तथा छठ पर्वका समयमा हुने विपद(कोभिड-१९ संक्रमण, आगलागी, सवारी दुर्घटना) का घटनाहरुलाई मध्यनजर गर्दै यस सम्वन्धमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) २०७७ बमोजिम सबै नगरपालिका तथा गाउँपालिकाबाट प्रभावकारी कार्यान्वयन गर्ने । चिसो तथा शितलहरवाट प्रभावितका लागि तत्काले उद्दार गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल नेपालबाट QRT तैयारी अवस्थामा राखिएको ।

१२. लक्षण समेतको कोभिड-१९ को सक्रमण वढिरहकोले देहायअनुसारको गर्ने

- लक्षण समेतको कोभिड-१९ को सक्रमित हाल देखापरिरहकोले कडाइका साथ स्वास्थ्य मापदण्डका उपायहरु अपनाउदै कोविड १९ को सक्रमण न्यनिकरणको उपाय अपनाउन जनचेतनामुलक गतिविधिलाई थप वढाउन सवै स्थानिय तहलाई अनुरोध गर्ने ।
- सवै स्थानिय तहको सहयोगमा वर्दिया अस्पतालमा स्थापना हुन थालेको PCR Lab यथासक्य चाडो स्थापनाका लागि गुलरिया नगरपालिकालाई पुन अनुरोध गर्ने।
- होम आइसोलेसमा वसेका विरामीहरुको उपचारमा सम्वन्धित स्थानीय तहका स्वास्थ्य शाखाले विशेष निगरानी वढाउने ।
- देउसी भैलो, वनभोज तथा चाडपर्व लक्षित खेलकुद प्रतियोगिता आयोजना गर्दा भिडभाड भई कोभिड-१९ को उच्च जोखिम भएकोले उक्त गतिविधि सञ्चालन नगर्ने ।
- पटका, आतिसबाजी, विष्फोटक पदार्थहरुको प्रयोगले आगलागी घटनाहरुको जोखिम भएकोले त्यस्ता कार्यमा रोक लगाउने ।

१३. पछिल्लो समय यस जिल्लामा वन्यजन्तुको आक्रमणवाट दिनानुदिन मानविय तथा भौतिक क्षतिको घटना वढिरहकोले सो सन्दर्भमा स्थानिय तह, वर्दिया राष्ट्रिय निकुन्ज, डिभिजनवन कार्यालयले समेतको समन्वयमा जनचेतना, ट्रेसिङ लगाएताका क्षति न्युनिकरणका कार्यहरु गर्ने ।

१४. बर्दिया जिल्लामा विपद्को घटनाहरुवाट प्रभावित भएका परिवार तथा व्यक्तिहरुलाई तत्काल राहतका लागि जिल्ला प्रशासन कार्यालयवाट राहत रकम वितरण गर्ने गरिएकोमा थप राहत सहायताका लागि श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय लुम्बिनी प्रदेश, मुकाम बुटवललाई अनुरोध गर्ने।